# लैङ्गिक हिंसा अन्त्यको लागि पुरुष सञ्जाल (*Male Leader Network*) परिचालन सम्बन्धी कार्यविधि, २०७५

मा. मन्त्रीस्तरबाट स्वीकृत मिति : २०७५/०६/१७

नेपाल सरकार
महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय
सिंहदरबार काठमाडौं

## १. भूमिका

महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयले महिला तथा बालिकाउपर हुने हिंसा अन्त्यका लागि पुरुष सहभागिता रणनीति, २०७५ कार्यान्वयनमा ल्याएको छ। यस रणनीतिको बुँदा ५ बमोजिम लैङ्गिक हिंसाविरूद्धका पहलहरूमा पुरुषहरूको सहभागिता प्रवर्धन गर्ने प्रयोजनको लागि यो कार्यविधि तयार गरिएको छ ।

## २. संक्षिप्त नाम र प्रारम्भ

क) यस कार्यविधिको नाम "लैङ्गिक हिंसा अन्त्यको लागि पुरुष सञ्जाल परिचालन सम्बन्धी कार्यविधि, २०७५" रहेको छ ।

ख) यो कार्यविधि तुरुन्त कार्यान्वयनमा आउनेछ ।

## ३. उद्देश्य

(क) लैङ्गिक समानता प्राप्तिका लागि पुरुषको सकारात्मक भूमिका प्रवर्द्धन गर्दै असल अभ्यासहरुको अवलम्बन गर्ने ।

(ख) पितृसत्तात्मक सोच र व्यवहारबाट उत्पन्न लैङ्गिकतामा आधारित हिंसा अन्त्य गर्न पुरुष सहभागिता बढाउने ।

(ग) लैङ्गिक समानता र लैङ्गिक हिंसा अन्त्य सम्बन्धी नीति, ऐन नियम योजना तथा कार्यक्रमको प्रचार प्रसारमा पुरुषहरुको संलग्नता वृद्धि गर्ने ।

(घ) लैङ्गिक हिंसा अन्त्य सम्बन्धी नीति तथा कार्यक्रम निर्माणमा सरकारलाई रचनात्मक पृष्ठपोषण गर्ने ।

## ४. पुरुष सञ्जाल सदस्यको योग्यता

पुरुष सञ्जालका सदस्यहरुको योग्यता निम्न अनुसार हुनेछ ।

(क) सार्वजनिक तथा निजी जीवनमा ख्याति प्राप्त गरेका आदर्श युवा तथा पुरुष ।

(ख) लैङ्गिक हिंसा अन्त्यको लागि महिला तथा पुरुषको संगठन तथा सञ्जाल मार्फत् उदाहरणीय र नेतृत्वदायी भूमिका निर्वाह गरेका पुरुष ।

(ग) लैङ्गिक हिंसा अन्त्यको लागि कार्य गर्ने संघ संगठनहरूलाई आफ्नो क्षेत्रबाट सहयोग तथा समर्थन गरेका पुरुष ।

(घ) सार्वजनिक जीवनमा अयोग्य ठहरिएका र व्यक्तिगत तथा सामाजिक जीवनमा लैङ्गिक हिंसा गरेका प्रमाणित भएका व्यक्तिहरु पुरुष सञ्जाल सदस्य हुन योग्य हुने छैनन् ।

## ५. पुरुष सञ्जालका सदस्यहरुको नियुक्ति / प्रक्रिया

पुरुष सञ्जालका सदस्यहरुको नियुक्तिको लागि निजी तथा सार्वजनिक क्षेत्र जस्तै कलाकारिता (चलचित्र, गायन, नाटक), पत्रकारिता, साहित्य, खेलकुद विज्ञान प्रविधि, स्वास्थ्य, शिक्षा, सरकारी सेवा, र व्यापार व्यवसाय जस्ता निजी क्षेत्र र अन्य क्षेत्रमा समेत ख्याति प्राप्त गरेका आदर्श पुरुषहरुको सूची तयार गरिनेछ र सोही सूचीबाट मन्त्रालयले पुरुष सञ्जालका सदस्यहरु छनौट गरी नियुक्त गर्नेछ ।

## ६. पुरुष सञ्जालका सदस्यहरुको पदावधि

लैङ्गिक हिंसा अन्त्यको लागि तोकिएका पुरुष सञ्जालका सदस्यहरुको पदावधि पाँच वर्ष हुनेछ । आवश्यकता अनुसार दुवै पक्षको सहमतिमा निजहरुको पदावधि नवीकरण गर्न सकिनेछ । तर सदस्यहरुले चाहेमा मन्त्रालयलाई जानकारी दिई सञ्जालबाट हट्न सक्नेछन् । पुरुष सञ्जालका सदस्यहरुबाट दफा ४ (घ) अनुसारको कार्य गरेमा उनीहरुको सदस्यता स्वतः निष्कृय हुनेछ ।

## ७. पुरुष सञ्जालका सदस्यहरुको पारिश्रमिक तथा अन्य सुविधा सम्बन्धी व्यवस्था

१. पुरुष सञ्जालका सदस्यहरूले महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको लैङ्गिक हिंसा अन्त्यको लागि सद्भावना दूतको रुपमा काम गर्नुपर्नेछ ।

२. उपदफा १ बमोजिमको कार्य अवैतनिक हुनेछ । तर कुनै कार्यक्रममा सहभागी गराउँदा नेपाल सरकारको नियमानुसार दैनिक भ्रमण खर्च तथा अन्य सुविधा उपलब्ध गराइनेछ ।

## ८. पुरुष सञ्जालका सदस्यहरुको मुख्य दायित्व

पुरुष सञ्जाल सदस्यहरूको मुख्य दायित्व निम्न अनुसार रहनेछ ।

(क) महिला तथा बालबालिकाउपर हुने सबै प्रकारका हिंसा विरूद्ध शून्य सहनशीलताको लागि सक्रिय रूपमा प्रस्तुत हुने,

(ख) महिला तथा बालबालिकाउपर हुने हिंसा विरूद्धमा संचार माध्यम लगायत अन्य उपयुक्त सार्वजनिक माध्यमबाट आर्दश पुरुषको भूमिका निर्वाह गर्ने,

(ग) युवाहरूलाई हिंसाविरूद्धको भावना विकास

गर्न टेलिश्रृंखला, वृत्तचित्र, चलचित्र निर्माण तथा प्रर्दशनमा सहयोग पुर्याउने कार्यमा संलग्न हुने,

(घ) लैङ्गिक हिंसाविरूद्धमा कार्यरत व्यक्ति, संघ संस्थाहरूसँग सहयोग गर्ने तथा ती संस्थासँग सहकार्य गर्ने ।

## ९. पुरुष सञ्जाल सदस्यहरुको कार्यक्षेत्र

पुरूष सञ्जाल सदस्यहरूको कार्यक्षेत्र निम्नानुसार रहनेछ ।

(क) लैङ्गिक हिंसाविरूद्धका नीति तथा कार्यक्रमहरूको विषयमा समीक्षा गरी रचनात्मक ढंगले पृष्ठपोषण गर्ने,

(ख) लैङ्गिक हिंसामुक्त समाजको निर्माण गर्न क्षेत्रगत कार्यक्रमहरू तर्जुमा गराउन मार्गदर्शन तथा सुझावहरू दिने,

(ग) महिलाको जीवनमा गुणात्मक परिवर्तन ल्याउन समाजमा विद्यमान असमानताहरूको पहिचान गरी लैङ्गिक विभेद कम गर्न क्रियाशील भई कार्य गर्ने,

(घ) लैङ्गिक हिंसासंग सम्बन्धित तथ्यांक संकलन गर्ने कार्यमा सहयोग गर्ने,

(ङ) जोखिम उन्मुख क्षेत्र, स्थान, मार्ग, समाजमा हुने हिंसाको कारकतत्त्व पत्ता लगाई सम्बन्धित निकायमा जानकारी दिने ।

(च) समाजमा विद्यमान हानिकारक प्रचलन विरूद्धमा आम जनमानसलाई सामाजिक रूपान्तरण गर्न संबाहकको रूपमा कार्य गर्ने ।

(छ) लैङ्गिक हिंसा अन्त्य गर्न सहयोग पुर्याउने गरी सृजनात्मक अभिव्यक्ति, लेख, रचना प्रकाशन गर्ने ।

(ज) महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयले विभिन्न हिंसा विरूद्धका दिवस तथा अन्तर्राष्ट्रिय महिला दिवस मनाउने सन्दर्भमा सञ्चालित कार्यक्रममा सक्रिय सहभागी हुने र त्यसका मूल नारालाई प्रसार प्रचार गर्ने,

## १०. पुरुष सञ्जाल सदस्यहरुको विस्तार

प्रत्येक वर्ष दफा नं. ४ मा उल्लेखित योग्याता पुगेका युवा तथा पुरुषहरूलाई पुरुष सञ्जालका सदस्यहरूको रूपमा नियुक्त गरी पुरुष सञ्जालको विस्तार गर्न सकिनेछ ।

## ११. पुरुष सञ्जाल परिचालन सम्बन्धी अन्य व्यवस्था

पुरूष सञ्जालका सदस्यहरूको परिचालन सम्बन्धी अन्य व्यवस्था महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयले तोके बमोजिम हुनेछ ।

नेपाल सरकार
**महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय**
सिंहदरबार काठमाडौं
फोन : ४२००५०२, ४२००३३७, ४२००४०८, ४२००२८०
इमेल : gms.mowcsw@gmail.com
वेव : www.mowcsc.gov.np